# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


## व्यवसायिक सिपमूलक तालिमका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना !

(प्रकाशित मितिः २०८२/०१/०२ गते)

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम) को समन्वय र सम्भव (SAMBHAV) परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निःशूल्क व्यवसायिक सिपमूलक तालिम सञ्चालन हुने भएकोले यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिम योग्यता पुगेका इच्छुक महानुभावहरूले देहायबमोजिम सञ्चालन हुने तालिमका लागि २०८२ साल वैशाख १७ गते भित्र यस चौरजहारी नगरपालिका अन्तर्गत आर्थिक विकास शाखामा आवेदन पेस गर्ने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सञ्चालन हुने तालिमहरू**

- बारिष्टा (कफि बनाउने तालिम)
- बेकरी (केक बनाउने तालिम)
- कम्प्युटर
- सिभिल
- ब्युटीपार्लर
- मेकानिकल
- इलेक्ट्रिकल
- कुक
- टेलरिङ
- अन्य (आवेदकको इच्छा अनुसारको तालिम)

**तालिमका लागि आवश्यक योग्यता**

- चौरजहारी नगरपालिकाभित्र स्थायी बसोबास गर्ने १८ वर्ष देखि २५ वर्ष सम्मका युवाहरू,
- एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको हुनुपर्ने,
- स्नातक (ब्याचलर्स डिग्री) अध्ययन सुरू नगरेको हनुपर्ने,
- कार्यक्रमका लागि ५ महिनाको प्रतिबद्धता जनाउन सक्ने,
- अनलाइन फारम वा हार्डकपी आवेदन भर्नुपर्ने,
- मद्यपान, चुरोट वा लागुऔषध प्रयोग नगर्ने,
- तालिमपछि चौरजहारीमै काम गर्न इच्छुक भएको।

**तालिम सहभागीलाई सेवा सुविधा र अन्य थप जानकारी**

- **तालिम सञ्चालन गर्ने संस्थाः** सम्भव (SAMBHAV) परियोजना
- **तालिम सञ्चालन हुने स्थानः** काठमाडौँ
- तालिम अवधिभर खाना तथा बस्नको व्यवस्था परियोजनाबाट नै उपलब्ध हुने।

**नोटः** सञ्चालन हुने बिषयगत तालिमको तालिम पश्चात CTEVT बाट सिप परीक्षण समेत गराईनेछ। साथै तालिम सँगसँगै सहभागीको व्यक्तित्व विकास, व्यवसायिक योजना र चिठीपत्र लेखन तथा पत्राचार गर्ने माध्ययम सम्बन्धी सिकाइ समेत उपलब्ध गराईनेछ।

**अन्तर्वार्ता हुने मितिः** २०८२ साल बैशाख २९ र ३० गते

**तालिम सुरू हुने मितिः** २०८२ साल जेठ ०५ गते देखि

**तालिम अन्त्य हुने मितिः** २०८२ साल कार्तिक ०५ गते

..........................

शेरप्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत


शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत




CamScanner